# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०९।०१ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला महोत्तरी, जिल्ला प्रशासन कार्यालयमा कार्यरत नायव सुब्बा अशोक कुमार यादवले सवारी ज्यान कसुर मुद्धामा मृतकको नजिकको हकदार (पिडित पक्ष) ले पाउनुपर्ने कृया खर्च तथा क्षतिपुर्ति वापतको रकम उपलब्ध गराउन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निबेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटिई गएको टोलीले निज नायव सुब्बा अशोक कुमार यादवलाई सेवाग्राहीबाट रु. २०,०००।–(बीस हजार रुपैयाँ) घुस/रिसवत वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा जिल्ला प्रशासन कार्यालय, महोत्तरीको मुद्दा फाँटमा कार्यरत नायब सुब्बाद्वय अशोक कुमार यादव र दिनेश प्रसाद साहको आपसी मिलोमतोमा सवारी दुर्घटनामा मृत्यु भए पश्चात नियमानुसार प्राप्त गर्नुपर्ने काजकृया तथा क्षतिपूर्ति उपलव्ध गर्न गराउन सहजीकरण गर्ने गराउने प्रयोजनको लागि सेवाग्राहीसँग रु.२०,०००।— घुस/रिसवत माग गरी लिएको पुष्टि भएबाट निजहरु अशोक कुमार यादव र दिनेश प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.२०,०००|- (बीस हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता

नरहरि घिमिरे